नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
कावासोती

078-54020
Email:daonawalpur2074@gmail.com

# रसुवा नुवाकोट धादिङ जिल्लाका बाढी पिडितहरु लाई राहत सामाग्री संकलनका सम्बन्धमा अत्यन्त जरुरी सूचना !

यस जिल्ला भित्र रहेका विभिन्न संघ, संस्था, व्यक्ति, कम्पनी, क्लब तथा नागरिक स्तरबाट रसुवा, नुवाकोट, धादिङ समेतको नदि किनारका क्षेत्रहरुलाई तहस नहस पार्ने गरी आएको मिति २०८३/०५/१० गतेको बाढीबाट पीडित एवम् प्रभावितहरुलाई तत्काल राहत स्वरुप आवश्यक पर्ने खाद्यान्न, लुगा, लत्ताकपडा, भाँडाकुँडा वा अन्य प्रकारका घरायसी प्रयोजनका सामग्रीहरु संकलन गरी उपलब्ध गराउन इच्छुक महानुभावहरुलाई यो सूचना जारी गरिएको छ । यस जिल्लामा यसरी संकलन हुने राहतका सामग्री एकद्वार प्रणाली मार्फत नवलपुर उद्योग वाणिज्य संघको हलमा (सम्पर्क व्यक्ति अध्यक्ष सागर पोखरेलः९८५७०४०४२८) संकलन गरी सम्बन्धित जिल्लाको सुरक्षा निकाय एवम् राहत उद्दारमा प्रत्यक्ष रुपमा खटिएका यस जिल्ला स्थित सुरक्षा निकायहरु तथा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण समेत को समन्वय र निर्देशनमा रही व्यवस्थापन एवम् सम्वन्धित पिडितहरु समक्ष पुर्याउने व्यवस्था मिलाइने छ । यस कार्यका लागि जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पू.) का प्रशासकीय अधिकृत श्री ज्योतिराज अर्याल (९८५७०४६३००) लाई सम्पर्क व्यक्ति तोकिएको छ । यदि कोही कसैले नगद सहयोग गर्न इच्छुक भएमा प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषको खाता नम्वर वा दिएको QR मार्फत सिधै उक्त खातामा मात्र रकम जम्मा गर्न सक्ने व्यवस्था रहेको व्यहोरा जानकारी गराइन्छ ।

२०८३-०५-१२

चिरन्जिवी राना
सहायक प्रमुख जिल्ला अधिकारी